२०७९ सालको कार्यविधि नं. ४

# हेटौंडा राजपत्र

हेटौंडा उपमहानगरपालिकाद्वारा प्रकाशित

खण्डः ६ संख्याः ४ मितिः२०७९।०६।३०

## भाग- ३

**हेटौंडा उपमहानगरपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।**

## हेटौंडा उपमहानगरपालिका बाल कोष (स्थापना र सञ्चालन) कार्यविधि, २०७९

**प्रस्तावनाः**

विशेष संरक्षणका आवश्यकता भएका बालबालिकाको उद्दार, अस्थायी संरक्षण, स्वास्थ्य उपचार, मनोसामाजिक सहयोग, पारिवारिक पुनर्मिलन तथा पुनर्स्थापना गराउनका लागि एक कोष स्थापना गर्न आवश्यक भएकाले हेटौंडा उपमहानगरपालिका बालबालिका सम्बन्धी ऐन, २०७७ को दफा २४ ले दिएको अधिकार प्रयोग गरी हेटौंडा उपमहानगरपलिका नगरकार्यपालिकाले यो कार्यविधी जारी गरेको छ ।

**१. कोषको नाम र प्रारम्भः**

क) यस कोषको नाम "हेटौंडा उपमहानगरपालिका बाल कोष (स्थापना र सञ्चालन) कार्यविधी, २०७९" रहेको छ ।

ख) यो कार्यविधी कार्यपालिकाका बैठकबाट पारित भए पश्चात स्थानीय राजपत्रमा प्रकाशित भएका मिति देखि प्रारम्भ हुनेछ।

**२. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

क) “उपमहानगरपालिका” भन्नाले हेटौंडा उपमहानगरपालिका सम्झनु पर्दछ ।

ख) ‘ऐन” भन्नाले सघीय संसदले बनाएको बालबालिका सम्बन्धी ऐन, २०७५ सम्झनु पर्दछ ।

ग) “कोष” भन्नाले दफा ४ बमोजिमको बाल कोष सम्झनु पर्दछ ।

घ) “कार्यविधी” भन्नाले हेटौंडा उपमहानगरपालिका बाल कोष (स्थापना र सञ्चालन) कार्यविधी, २०७९ भन्ने सम्झनु पर्दछ।

ङ) "विशेष संरक्षणका आवश्यकता भएका बालबालिका” भन्नाले दफा ३ बमोजिमका बालबालिका सम्झनु पर्दछ।

च) “समिति” भन्नाले दफा ७ बमोजिम गठित कोष सञ्चालक समिति सम्झनु पर्दछ ।

**३. विशेष संरक्षणका आवश्यकता भएका बालबालिकाः** विशेष संरक्षणका आवश्यकता भएका बालबालिका भन्नाले निम्न अन्तर्गतका बालबालिका पर्दछनः

क) ऐनको दफा ४८ बमोजिमका बालबालिका,

ख) कार्यपालिकाले विशेष संरक्षण आवश्यकता भएका बालबालिका भनी तोकिदिएका अन्य बालबालिका सम्झनुपर्नेछ ।

**४. कोषको स्थापनाः**

१) उपमहानगरपालिका क्षेत्रभित्र विशेष संरक्षणका आवश्यकता भएका बालबालिकालाई उद्दार, अस्थायी संरक्षण, स्वास्थ्य उपचार, मनोसामाजिक सहयोग, पारिवारिक पुनर्मिलन तथा पुनर्स्थापना गराउने काम समेतका लागि एक बाल कोषका स्थापना गरिएको छ ।

२) कोषमा देहाय बमोजिमको रकमहरु रहनेछन ।

क) संघ, प्रदेश तथा स्थानीय सरकारबाट प्राप्त रकम,

ख) विदेशी सरकार, अन्तर्राष्ट्रिय संघ संस्था वा व्यक्तिबाट प्राप्त रकम,

ग) स्वदेशी संघ, संस्था वा व्यक्तिबाट प्राप्त रकम,

घ) अन्य कुनै श्रोतबाट प्राप्त रकम ।

३) उपदफा (२) खण्ड (ख) बमोजिम रकम प्राप्त गर्न प्रचलित कानून बमोजिम स्वीकृति लिइनेछ ।

४) कोषले आफ्नो उद्देश्यसँग मेल खाने संघ, प्रदेश र स्थानीय सरकारले सञ्चालन गर्ने विभिन्न योजनाबद्द कार्यक्रमसँग समन्वय गरी क्रियाकलाप सञ्चालन गर्नेछ ।

**५. कोषको उपयोगः** कोषको रकम देहायको कामको लागि उपयोग गरिनेछः-

क) विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको पहिचान गर्न, उद्दार गर्न एवम् अस्थायी संरक्षण गर्न,

ख) विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको स्वास्थ्य उपचार तथा मनोसामाजिक सहयोग गर्न,

ग) विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको परिवार खोजी गरी पुनर्मिलन तथा पुनर्स्थापना गर्न,

घ) राहत तथा आर्थिक सहयोग उपलब्ध गराउन,

ङ) खण्ड (क) देखि (घ) मा उल्लेखित कार्यसँग सम्बन्धित अन्य आवश्यक कार्य गर्न ।

**६. कोषको रकम उपयोग गर्न नपाइने:** सञ्चालक समितिको बैठक भत्ता, खाजा, भ्रमण मसलन्द, छपाई, पत्रपत्रिका, विज्ञापन लगायतका कुनै पनि प्रशासनिक कार्यका निमित्त कोषको रकम खर्च गर्न पाइने छैन । तर दफा ५ बमोजिमको कार्य सम्पादन गर्न लाग्ने यातायातका प्रयोग लगायतको अत्यावश्यकीय कार्यमा रकम खर्च गर्न बाधा पुऱ्याएको मानिने छैन।

**७. समिति गठनः**

१) स्थानीय बालअधिकार समितिले यो कोषको सञ्चालन गर्नेछ ।

२) उपदफा (१) बमोजिमको समितिमा नगर बाल समूह सञ्जालबाट १ वालिका १ वालक गरी २ जनालाई वैठकमा आमन्त्रित गरिनेछ ।

**८. समितिको काम, कर्तव्य, अधिकारः** समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

क) कोष बृद्धिको लागि स्रोतको खोजी गर्ने, आवश्यक रचनात्मक तथा प्रबर्द्धनात्मक क्रियाकलापहरु सञ्चालन गर्ने,

ख) विशेष संरक्षणको आवश्यकता भएका वालवालिकालाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने,

ग) राहत तथा आर्थिक सहयोगको सदुपयोग भए वा नभएको सम्बन्धमा अनुगमन गर्ने वा गराउने,

घ) संरक्षणको आवश्यकता भएका बालबालिकाको क्षेत्रमा काम गरिरहेका वा गर्न इच्छुक संघ, संस्था वा व्यक्तिसँग समन्वय एवम् गर्ने,

ङ) संरक्षणको आवश्यकता भएका बालबालिकाको संरक्षणका निम्ति आवश्यक अन्य उपयुक्त कार्य गर्ने, गराउने।

**९. समितिको बैठक र निर्णयः**

१) कोष व्यवस्थापन तथा सञ्चालक समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

२) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

३) समितिको बैठक बस्नु भन्दा कम्तिमा २४ घण्टा अगाडि समितिका सदस्य सचिवले बैठकमा छलफल हुने कार्यसूची सहितका सूचना सबै सदस्यहरुलाई दिनुपर्नेछ ।

४) समितिको कूल सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरु उपस्थित भएमा समितिको बैठकको लागि गणपुरक संख्या पुगेको मानिनेछ ।

५) समितिको बैठकको अध्यक्षता समितिको अध्यक्षले गर्नेछ । अध्यक्षको अनुपस्थितिमा नगरसभाका सदस्यमध्ये ज्येष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

६) सञ्चालक समितिले सर्वसम्मतका आधारमा निर्णय गर्नेछ । सर्वसम्मत नभएमा बहुमतका निर्णयलाई समितिको निर्णय मानिनेछ।सदस्यहरुको मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिनेछ ।

७) समितिले आवश्यकता अनुसार विषय विज्ञलाई समितिको वैठकमा आमन्त्रण गर्न सक्नेछन । आमन्त्रित सदस्यको मताधिकार हुने छैन ।

८) समितिको निर्णय समितिको अध्यक्षले प्रमाणित गरी राख्नुपर्नेछ ।

९) समितिको बैठक सम्बन्धी अन्य व्यवस्था समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

**१०. सहयोग सम्बन्धी मापदण्डः**

१) उपमहानगरपालिका भित्र विशेष संरक्षणको आवश्यकता भएका बालबालिका छ भनी कसैले समिति समक्ष निवेदन दिन वा लिखित वा मौखिक रुपमा जानकारी गराउन सक्नेछ ।

२) उपदफा (१) बमोजिम जानकारी प्राप्त भएपछि सदस्य सचिवले आवश्यक सोधपुछ गरी यथार्थ विवरण पत्ता लगाउनु पर्ने छ ।

३) उपदफा (२) बमोजिमको प्रक्रिया पछि विशेष संरक्षणको आवश्यकता भएको बालबालिकालाई सहयोग आवश्यक छ भन्ने लागेमा निजले समितिका बैठंक आव्हान गर्नु पर्ने छ ।

४) विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाका निमित्त समितिले देहाय बमोजिमको आर्थिक सहयोगको निर्णय गर्न सक्नेछः

क) तत्काल उद्दार गर्नुपर्ने भएमा सवारी साधन प्रयोग गर्नुपर्ने भए सार्वजनिक सवारी साधनबाट यात्रा गर्दा लाग्ने भाडा रकम, खाना खर्च बापत र बासबस्नुपर्ने भए सो बापत छुट्टै रकम उपलब्ध गराउन सकिनेछ ।

ख) अस्पतालमा भर्ना गरी औषधी उपचार गर्नुपर्ने भएमा अस्पताल आउँदा जाँदा सवारी साधन प्रयोग गर्नु पर्ने भए सार्वजनिक सवारी साधन प्रयोग गर्दा लाग्ने भाडा रकम, खाना खर्च, अस्पतालमा बस्ने व्यवस्था नभई बाहिर बस्नु परेमा बढीमा तीन दिनको बास खर्च र दोहोरो नपर्ने गरी उपचार खर्च समेत उपलब्ध गराउन सकिनेछ । तीन दिन भन्दा बढी बास बस्नु पर्ने भएमा नगर कार्यपालिकाले गरेको निर्णय बमोजिम हुनेछ ।

ग) कानूनी सहायता तथा मनोविमर्शका लागि रु.५ हजारमा नबढ्ने गरी सहयोग उपलब्ध गराउन सकिनेछ ।

घ) कोषबाट एक पटकमा बढीमा रु. २५,०००।- सम्म सहयोग गर्न सकिनेछ । रु. २५ हजार भन्दा बढी सहयोग गर्नु पर्ने भएमा नगर कार्यपालिकाबाट भएको निर्णय बमोजिम सहयोग गर्न सकिनेछ ।

ङ) सहयोग गर्नुपर्ने रकम सम्भव भएसम्म बैकं मार्फत रकम भुक्तानी दिनुपर्नेछ ।

च) कोषबाट सामान्यतः एक जनालाई एक पटक सहयोग गरिनेछ । तर, विशेष परिस्थितिमा

औचित्यताका आधारमा समितिले आवश्यकताको आधारमा निर्णय गरी सहयोग गर्न सकिने छ ।

५) विशेष संरक्षणका आवश्यकता भएका बालबालिकालाइ तत्काल उद्धार, संरक्षण वा उपचार नगरेमा मानवीय क्षति वा गम्भीर परिणाम हुने देखिएमा सदस्य सचिवको सिफारिसमा अध्यक्षले कोषबाट तत्काल सम्बन्धित बालबालिकाका निमित्त बढिमा दश हजार रुपैयाँ उपलब्ध गराउन सक्नेछन ।

६) उपदफा (५) बमोजिम बालबालिकालाई रकम उपलब्ध गराइएकोमा त्यसरी रकम उपलब्ध गराइए पछि बस्ने समितिको बैठकबाट सो खर्चको अनुमोदन गराउनु पर्नेछ ।

७) समितिले विशेष संरक्षणका आवश्यकता भएका बालबालिकाको उद्दार, अस्थायी संरक्षण, स्वास्थ्य उपचार, मनोसामाजिक सहयोग, पारिवारिक पुनर्मिलनका निमित्त आवश्यकता अनुसार सम्बन्धित निकायसँग समन्वय तथा सहकार्य गरी आर्थिक सहयोग प्रदान गर्न सकिनेछ ।

**११. खाताको सञ्चालनः**

१) कोषको रकम समितिले कुनै सरकारी बैंकमा खाता खोली जम्मा गर्नुपर्नेछ ।

२) बैंक खाताका सञ्चालन प्रमुख प्रशासकिय अधिृकत र लेखा प्रमुख वा लेखा प्रमुखले तोकेको लेखाको कर्मचारीको संयुक्त दस्तखतबाट हुनेछ ।

**१२. कोषको लेखा र लेखा परिक्षणः** कोषको आय व्यय लेखा प्रचलित कानून बमोजिम राखिनेछ।

**१३. रकम फ्रिज नहुनेः** प्रचलित कानूनमा जेसुकै लेखिएको भएपनि कोषका रकम आर्थिक वर्षका अन्त्यसम्म खर्च नभइ बाँकी रहेमा पनि फ्रिज हुनेछैन ।

**१४. प्रतिवेदन प्रकाशन गर्नुपर्नेः** समितिले आफूले गरेको कामको प्रतिवेदन वार्षिक रुपमा नगरकार्यपालिका मार्फत नगर सभा समक्ष पेश गर्नुपर्नेछ ।

**१५. कोषको सचिवालयः** कोषको सचिवालय हेटौंडा उपमहानगरपालिकाको बालबालिका हेर्ने महाशाखामा रहनेछ ।

**१६. संशोधन, निष्कृय तथा खारेजीः**

१) नगरकार्यपालिकाले आवश्यक ठानेमा कार्यविधी संशोधन गर्न सक्नेछ ।

२) यस कार्यविधिमा लेखिएका प्रावधान प्रचलित कानूनसँग बाझिएमा बाझिएको हदसम्म स्वतः निष्कृय हुनेछ ।

**<u>आज्ञाले</u>**

**शिवराज चौलागाई**

**प्रमुख प्रशासकीय अधिकृत**